# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, कात्तिक २९ गते, २०७० साल (संख्या ३२

## भाग ५

नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना १

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी २०७०।७।१२ मा स्याङ्जा जिल्लाको चापाकोट प्रहरी चौकीमा घटेको घटनाका सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको जाँचबुझ आयोग (यसपछि "आयोग" भनिएको) गठन गरी उक्त आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि तोकेको हुँदा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. आयोगको गठनः आयोगको गठन देहाय बमोजिम हुनेछः-

(क) पुनरावेदन अदालतका पूर्व न्यायाधीश
श्री कृष्णप्रसाद बस्याल — अध्यक्ष

(ख) सहन्यायाधीवक्ता श्री कीरण पौडेल
महान्यायाधीवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौ — सदस्य

(ग) प्रहरी नायव महानिरीक्षक, श्री श्यामबहादुर खड्का
प्रहरी प्रधान कार्यालय, नक्साल — सदस्य

२. आयोगको काम कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

स्याङ्जा जिल्लाको चापाकोट प्रहरी चौकीमा मिति २०७०।७।१२ मा घटेको घटना, त्यस्तो घटना खट्नुको कारण तथा घटनामा संलग्न व्यक्तिहरूको सम्बन्धमा सत्य तथ्य पत्ता लगाई नेपाल सरकार समक्ष रायसुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

३. आयोगको कार्यावधिः आयोगको कार्यावधि काम शुरु गरेको मितिले तीस दिनको हुनेछ ।

## सूचना २

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

१. डाँक, तार वा टेलिफोन सेवा,
२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामानहरू ओसार पसार गर्ने यातायात सेवा,
३. हवाई अड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा,
४. हवाईग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा,



३६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।